# महाराजगंज नगरपालिका

## कपिलवस्तु द्धारा प्रकाशित

# स्थानिय राजपत्र

खण्डः– १ संख्याः– १० मितिः– २०७४।१२।०१

## भाग :–१

## महाराजगंज नगरपालिका

कपिलवस्तु, प्रदेश नं. ५

### वडा स्तरिय विपद् (आपतकालिन) ब्यवस्थापन कोष परिचालन कार्यविधि-२०७५

वडा स्तरिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको कार्यविधि २०७५

नगर सभाबाट पारित मितिः– २०७५।२।०४

प्रमाणीकरण मितिः– २०७५।०२।०४

**स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम महाराजगंज नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिम नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# वडा स्तरिय विपद् (आपतकालिन) व्यवस्थापन कोष परिचालन कार्यविधि-२०७५

**प्रस्तावना** :-

नेपालको समग्र परिस्थितिलाई नियाल्दा अव्यवस्थित बसाईंसराई, जंगलको फडाँनी तथा अतिक्रमण, परंपरागत खेती प्रणाली, कृषिको आधुनिकीकरणका नाममा हुने गरेको रासायनिक मल र विषादिको अत्याधिक प्रयोग, जथाभावी सडक निर्माण, अव्यवस्थित शहरीकरण, आगलागी, पहिरो, ढुवान,सित लहर, लु, महामारी, झाडापखाला, भोकमरी, भूकम्प, सडक दुर्घटना जस्ता विपदमा परी हजारौं मानिसहरूको मृत्यु हुने गरेको छ । प्रकोपहरूबाट जिउज्यान र धनसम्पत्तिको क्षति हुन्छ साथसाथै भौतिक संरचनामा समेत क्षति हुनाले आर्थिक, सामाजिक विकासमा समेत नोक्सानी हुन जान्छ ।

प्रकोपका दृष्टिकोणले कपिलबस्तु सम्वेदनशील जिल्लाहरुको सूचीमा पर्दछ । महाराजगञ्ज नगरपालिका, कपिलबस्तुको हकमा अव्यवस्थित बसाइसराई, डुवान, तातो हावाको बहाव, सित लहर, परंपरागत खेती प्रणाली, कृषिको आधुनिकीकरणका नाममा हुने गरेको रासायनिक मल र विषादिको अत्याधिक प्रयोग, जथाभावी सडक निर्माण, आगलागी,महामारी, झाडापखाला, भोकमरी, सडक दुर्घटना जस्ता विपदमा परी मानविय तथा भौतिक क्षति हुने गरेको छ ।

आर्थिक, सामाजिक, भौतिक संरचनाहरूको क्षतिलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउने तथा विपद् प्रभावित समुदायका व्यक्तिहरुको विपद्संग लड्ने क्षमता विकास गर्दै नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण कार्ययोजनालाई सहयोग पुऱ्याउने अभिप्रायले **महाराजगञ्ज नगरपालिका**, **कपिलबस्तु**ले वार्ड स्तरिय विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन समितिद्धारा कार्यान्वयन हुने गरि विपद् (आपतकालिन) व्यवस्थापन कोष परिचालन कार्यविधि, २०७५ तयार गरी प्रयोगमा ल्याउनका लागिमहाराजगञ्ज नगरपालिकाकावार्डहरुलाई उलब्ध गराउने छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भ :-

१.१ यस कार्यविधिको नाम  महाराजगञ्ज,नगरपालिका-  कपिलबस्तुको **"विपद् (आपतकालिन) व्यवस्थापन कोष परिचालन कार्यविधि, २०७५"** रहेको छ ।

१.२ यो कार्यविधि महाराजगञ्ज नगरपालिका, कपिलबस्तुको नगर कार्यपालिका बैठकबाट स्वीकृत भई माताहतका वार्ड समितिलाई विपद (आपतकालिन) व्यवस्थापन कोष परिचालन कार्य बिधीको प्रयोग तथा परिचालन गर्नका लागि १ प्रति अनुमोदित कार्यबिधि सहित पत्राचार तथा सहजीकरण गर्न सक्नेछ ।

### २. परिभाषा :-

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले विपद् (आपतकालिन) व्यवस्थापन कोष परिचालन कार्यविधि, २०७५ बुझ्नुपर्छ ।

(ख) "कोष" भन्नाले विपद (आपतकालिन) व्यवस्थापन कोष बुझ्नु पर्दछ ।

(ग) "व्यवस्थापन समिति" भन्नाले वार्ड स्तरिय विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन समिति बुझ्नुपर्छ ।

(घ) "उप समिति" भन्नाले वार्ड स्तरिय विपद (आपतकालिन) व्यवस्थापन कोष परिचालन उप समिति बुझ्नुपर्छ ।

(ङ) "विपद भन्नाले प्राकृतिक तथा गैर प्राकृतिक विपदलाई बुझ्नुपर्छ ।

**३. कोषको स्थापना :-**

३.१ वार्ड स्तरिय विपद (आपतकालिन) व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

## परिच्छेद-२
## कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

**१. कोषको अवधारणा :-**

नगरपालिका भित्रका वार्डहरुमा हुने सबै प्रकारका विपदहरूलाई न्यूनीकरण गरी प्रकोपको प्रभावबाट पीडित व्यक्ति, परिवार, संघ संस्थाको सङ्ख्यामा कमी ल्याउन सहयोग पुऱ्याउनु नै कोषको अवधारणा हुनेछ ।

**२. लक्ष्य :-**

**विपदमा** परेका परिवार, संघ/संस्थाहरूलाई पुनर्स्थापनामा सहयोग पुऱ्याई विपदबाट पीडित अवस्थाबाट नगरपालिका तथा सबै वडालाई मुक्त गर्न सहयोग पुऱ्याउनु कोषको लक्ष्य रहेको छ ।

**३.उद्देश्य :-**

विपद (आपतकालिन) व्यवस्थापन कोष परिचालन कार्यबिधिका उद्देश्य देहाय अनुसार हुनेछन् :-

३.१ विपद पीडितको उद्धार तथा पुनर्स्थापनाका लागि नगरपालिका भित्रका वडास्थित सबै कार्यालय, संघ-संस्थाबीच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहल गर्ने ।

३.२ विपद दृष्टिकोणले वडाका जोखिमपूर्ण क्षेत्रहरूको पहिचान गरी प्रकोप रोकथामका लागि चेतनामुलक कार्य गर्ने ।

३.३ विपदबाट हुन सक्ने जोखिमलाई न्यून गर्न सहयोग पुऱ्याउने अभिप्रायले समयसापेक्ष नीतिगत तथा संस्थागत संयन्त्रमा सुधार ल्याउने ।

३.४ विपदबाट प्रभावितहरुको आधारभूत आवश्यकता परिपूर्तिका लागि क्षतिको मूल्यांकनका आधारमा तत्काल राहत उपलब्ध गराई सहयोग पुऱ्याउने ।

३.५ पूर्वाधार निर्माण कार्य प्रारम्भ गर्दा भौतिक संरचना निर्माण गर्दा वातावरणमैत्री प्रणालीमा जोड दिने ।

३.६ विपदबाट हुन सक्ने हानि-नोक्सानीका बारेमा सचेत गराउने अभिप्रायले पूर्व तयारीका लागि अवलम्बन गर्न सकिने उपायहरू तथा तयारीबारे जानकारी गराउने ।

३.७ विपद व्यवस्थापनका क्षेत्रमा काम गाँउपालिकाको सम्बन्धित वार्डका सबै निकायहरूका बीच समन्वय कायम गर्ने ।

३.८ विपद व्यवस्थापन सम्बन्धी एकीकृत कार्यक्रम तर्जुमा र कार्यान्वयनका लागि पहल गर्ने ।

३.९ विपदबाट पीडित व्यक्तिहरूलाई तत्कालीन उद्धार सहयोगका लागि कोषको व्यवस्था गर्ने ।

३.१० विपद व्यवस्थापन, वातावरण मैत्री योजना निर्माण, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन सम्बन्धमा राष्ट्रिय योजना आयोग, मन्त्रालयहरूद्वारा तय गरिएका उद्देश्यहरू पूर्तिका लागि सहयोग पुऱ्याउने ।

**४.नीति :-**

४.१ विपदबाट पीडितका लागि उद्धार कार्यमा सहयोग पुऱ्याउने ।

४.२ विपदबाट  पीडितलाई तत्काल राहत सहयोग उपलब्ध गराउने ।

४.३ विपदबाट पीडितहरूलाई तत्काल पुनर्स्थापनाका लागि सहयोग पुऱ्याउने ।

४.४ विपदबाट पीडितहरूलाई एकीकृत रूपमा सहयोग उपलब्ध गराउन नगरपालिका, वार्ड तथा जिल्लास्थित सबै निकायहरूका बीच समन्वय गर्ने ।

**५. विपद (आपतकालिन)  ब्यवस्थापन कोषको वनोट** :-

कोषको प्रचार प्रसार, अर्थ संकलन, त्यसको व्यवस्थापन, संचालन लगायतका कार्यको लागि  वडा स्तरिय जोखिम न्युनीकरण तथा विपद् व्यवस्थापन समितिको बैठकको प्रस्ताव तथा निर्णयद्धारा विपद् (आपतकालिन) ब्यवस्थापन कोष निर्माण हनेछ ।  यो विशुद्ध सामाजिक कोषको रुपमा सञ्चालन हुनेछ ।

**६. कोषको अपेक्षा** :-

विपद् (आपतकालिन) ब्यवस्थापन  कोषको आवश्यकताहरु धेरै छन् । यस  प्रकारको सेवामुखी कार्यमा प्रयोग गरिने कोष अभिबृद्धिका लागि सवै पक्षबाट समर्थन हुने अपेक्षा गरिएको छ ।

**७. कोष संचालन कार्य विधि** :-

- कोषको मुख्य कार्यालय सम्बन्धित वडामा रहनेछ ।
- कोषमा संकलित रकम व्यवस्थित गर्नको लागि वडा विपद् व्यवस्थापन  समितिको विपद ( आपतकालिन) ब्यवस्थापन कोषको खाता नजिकको बैंक मा खोलिने छ । सहयोग दाताहरुले दिन चाहेको रकम उक्त खातामा चेक मार्फत वा नगदै उपलब्ध गराउन सकिनेछ ।
- कोषको वैंक खाता २ जना पदाधिकारीको दस्तखतवाट संचालन हुनेछ ।
- कोषमा संकलित रकम सम्बन्धित वडा विपद् व्यवस्थापन समितिद्धारा विपदबाट प्रभावितहरुलाई सहयोग गर्नका लागि आवश्यकता अनुसार निकासा र खर्च गर्ने व्यवस्था मिलाइनेछ ।
- कोषको आम्दानी र खर्चको विवरण पारदर्शी ढंगले राखिनेछ ।
- स्थानिय स्तरमा संकलित रकम वा श्रमदानको व्यवस्थापन सम्बन्धित वडाको हकमा वडा विपद् व्यवस्थापन समितिले गर्नेछ ।

**८. आव्हान :-**

महाराजगञ्ज नगरपालिकाका वार्डहरुमा विपद् (आपतकालिन) व्यवस्थापन कोषको निर्माण तथा विस्तारको यो अभियानमा स्थानीय जनताको सकृय सहभागिता अनिवार्य छ । उपयुक्त वातावरण तयार गर्न र स्थानिय श्रोत साधनको प्रभावकारी ढंगले परिचालन गर्न सम्पूर्ण वार्डबासी जनताहरुमा हामी अनुरोध गर्दछौं । सवैको सामुहिक प्रयासले यो लक्ष्य पूरा हुने कुरामा हामी विश्वस्त छौं । मातृभूमि र ज्ञानभूमिले लगाएको ऋणको केही अंश फिर्ता गर्न पाउने यो शुभ-अवसरलाई हामी कसैले पनि चुकाउने छैनौं र त्यसका लागि तपाई हामी सक्षम छौं । नगरपालिकाको हकमा स्थानिय विपद व्यवस्थापन समितिद्धारा तथा सम्बन्धित वडाको हकमा वडा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन समितिले प्रारम्भ गरेको विपद् जोखिम न्यूनिकरणलाई निरन्तरता दिने उद्देश्यले संचालन गर्न खोजिएको यो महान लक्ष्य, गहन जिम्मेवारी र पवित्र कार्यलाई सफल पार्न सबै उपज एवं शुभचिन्तकहरुमा हामी हार्दिक आह्वान गर्दछौं । यहाँहरुको मेहनतको अंशवाट प्राप्त सहयोगको सहि सदुपयोग हुने कुरामा आश्वस्त गराउँदछौं ।

## परिच्छेदेद-३

## कोषको व्यवस्थापन तथा सञ्चालनसम्वन्धी व्यवस्था

**१. कोषको व्यवस्थापन तथा सञ्चालनसम्बन्धी व्यवस्था :-**

१.१ कोषको लक्ष्य तथा उद्देश्यहरूको प्राप्तिका लागि निम्नानुसारको व्यवस्थापन समिति गठन गरिने छ :-

- अध्यक्ष - (वडा विपद ब्यवस्थापन समितिका अध्यक्ष)
- सदस्य- (वडा विपद ब्यवस्थापन समितिद्धारा चयन)
- सदस्य-(वडा विपद ब्यवस्थापन समितिद्धारा चयन )
- सदस्य-(वडा विपद ब्यवस्थापन समितिद्धारा चयन )
- सदस्य सचिव- ( वडा विपद ब्यवस्थापन समितिका सदस्य सचिब )

१.२ बमोजिम समितिले मनोनीत गरेका सदस्यहरूको पदावधि ५ बर्ष हुनेछ । पदावधि समाप्त भएको सदस्यलाई पुनः अर्को पटक सदस्य मनोनीत गर्न वाधा पर्ने छैन ।

१.३ कोष परिचालन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । अध्यक्षको आदेशले सदस्य सचिवले बैठक बोलाउने छ ।

१.४ परिचालन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ । बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नुपर्ने छ ।

**२. कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकार :-**

२.१ विपद (आपतकालिन) व्यवस्थापन कोष परिचालन समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) विपद व्यवस्थापनका लागि आर्थिक स्रोत जुटाउने ।

(ख) कोषको वार्षिक योजना तर्जुमा गरी स्वीकृतीका लागि गाविस परिषद्मा पेश गर्ने ।

(ग) विपद सम्वन्धी पूर्व सतर्कताका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(घ) विपदवाट पिडीत व्यक्ति/परिवार/संघ/संस्थालाई तत्काल राहत उपलब्ध गराउने ।

(ङ) गम्भिर दुर्घट्नामा परी उपचार रकम जुटाउन नसक्ने व्यक्तिलाई पहिचान गरी आर्थिक सहयोगको व्यवस्था गर्ने ।

(च) विपदबाट पिडीतका लागि पुनर्स्थापनाको व्यवस्थापनमा सहयोग गर्ने ।

(छ) विपद न्यून गर्न सहयोग पुग्ने खालका कार्यक्रम सञ्चालन तथा व्यवस्थापन योजना तयार गर्ने ।

(ज) योजना तथा कार्यक्रम सञ्चालन गर्दा वातावरणमैत्री बनाउन समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(झ) कोषका कार्यहरूको अनुगमन गर्ने ।

(ञ) कोषको हिसाब किताव दुरुस्त राख्न तथा कोषका कार्यहरूको प्रगति समीक्षा गर्ने ।

(ट) कोषको बार्षिक आम्दानी र खर्च विवरण गाँउपालिकाको हकमा स्थानिय विपद जोखिम न्युनीकरण तथा ब्यवस्थापन समिति तथा वार्डको हकमा वार्ड स्तरिय विपद जोखिम न्युनीकरण तथा ब्यवस्थापन समितिमा पेश गरी अनुमोदन गराउने ।

(ठ) समय समयमा समाज र अक्षयकोष दाताहरुसंग परामर्श गर्ने ।

**३. कोष परिचालन उप समितिको बैठक र निर्णय :-**

(१) परिचालन समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ, निजको अनुपस्थितिमा समितिको सदस्य सचिवको अध्यक्षतामा वैठक बस्नेछ ।

(२) अध्यक्षको निर्देशन अनुसार समितिको सदस्य सचिवले मिति, स्थान र समय तोकी बैठक बोलाउने छ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) समितिको कुल सदस्य संख्या मध्ये ५१ प्रतिशत संख्यालाई गणपुरक संख्या मानिनेछ ।

(५) बैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछ ।

(६) अध्यक्षवाट वैठकको निर्णय प्रमाणित हुनेछ ।

(७) समितिको छुटै बैठक पुस्तिका हुनेछ, उक्त बैठक पुस्तिका सदस्य सचिवले राख्नेछ ।

**४. अध्यक्षको काम कर्तव्य र अधिकार :-**

कोषको अध्यक्षको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ ।

(क) बैठकको अध्यक्षता गर्ने ।

(ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने ।

(ग) बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने ।

(घ) समितिका सदस्यहरूलाई कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने ।

(ङ) कोषको वित्तीय स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(च) कोषका निर्णयहरू सार्वजनिक गरी पारदर्शिता कायम गराउने ।

(छ) कोषका बैठक सहभागितात्मक रूपमा सञ्चालन गराउने ।

(ज) कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने ।

(झ) कोषका तर्फबाट अन्य निकाय, संघ/संस्थासँग सम्झौता गर्नुपर्ने भए गर्ने, गराउने ।

(ञ) कोषको योजना तर्जुमा तथा सोको स्वीकृति गर्न गराउन आवश्यक कार्यवाही गर्ने गराउने ।

(ट) कोषका कामको अनुगमन मूल्यांकन गर्ने गराउने ।

**५. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :-**

कोषको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) मूल समितिको माताहतमा कोषको अध्यक्षको आदेशानुसार बैठक बोलाउने अध्यक्षसँग सल्लाहमा छलफलका विषयवस्तुहरू तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने ।

(ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरू जिम्मा लिने ।

(ग) कोषसँग सम्बन्धित सूचनाहरू, तथ्यांक तथा अभिलेख अद्यावधिक गर्ने ।

(घ) अध्यक्षले तोकेका अन्य कार्यहरू गर्ने ।

(ङ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरू गर्ने ।

(च) कोषका कार्यक्रम तर्जुमा स्वीकृति र कार्यान्वयन गराउन आवश्यक कार्यवाही गर्ने ।

(छ) कार्यक्रमहरूको अनुगमन गर्ने गराउने ।

(ज) कोषको चलअचल सम्पतिको संरक्षण गर्ने गराउने ।

**६. सदस्यको काम, कर्तव्य र अधिकार :-**

कोषको सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) बैठकमा उपस्थित भई छलफलमा सक्रियतापूर्वक भाग लिने ।

(ख) अध्यक्षको काममा सहयोग पुऱ्याउने ।

(ग) तोकिएको जिम्मेवारीलाई पूरा गर्ने ।

(घ) बैठकमा निर्णयमा पुग्न मतदान गर्नुपर्ने भए मतदान गर्ने ।

(ङ) अध्यक्षले तोकेका अन्य दायित्व निर्वाह गर्ने ।

(च) कोषका कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

## परिच्छेदेद-४

## आर्थिक तथा प्रशासनिक व्यवस्था

**१. कोषको वित्तीय व्यवस्थापन** :-

१.१. कोषको आयश्रोत देहाय बमोजिम अक्षयकोष दाताहरुवाट प्राप्त रकम हुनेछ । जसमा देहायका रकमहरू रहने छन् :-

(क) नगरपालिकाबाट विपद  जाखिम न्युनीकरण तथा व्यवस्थापनका लागि वार्षिक रूपमा विनियोजन हुने रकम ।

(ख) नगरपालिका  बाहेकका अन्य स्थानीय निकाय, अक्षय कोषदाताबाट प्राप्त हुने रकम ।

(ग) दातृ निकाय, गैरसरकारी संस्थाबाट प्राप्त हुने रकम ।

(घ) कोषलाई सेवा शुल्क वापत प्राप्त हुने रकम ।

(ङ) कोषद्धारा संचालित आयमूलक कार्यक्रमहरुबाट आर्जन हुने रकम ।

(च) नेपाल सरकारबाट प्राप्त अनुदान सहयोग ।

(छ) कोषद्धारा प्राप्त भई जम्मा भएको मूलधनबाट आर्जन हुने ब्याज रकम नियमित रुपमा थप हुने ।

(ज) अन्य विभिन्न श्रोतबाट नियम बमोजिम कोषलाई प्राप्त हुन आउने रकम ।

१.२. कोषको रकम पायक पर्ने स्थानको कुनै बैंकमा एउटा छुट्टै खाता खोली जम्मा गरिने छ । कोषकोसञ्चालन वडा विपद् (आपतकालिन) ब्यवस्थापन  कोष परिचालन उप समितिको अध्यक्ष र सदस्य सचिव मध्ये दुई जनाको अनिबार्य हस्ताक्षरबाट दस्तखत हुनेछ ।

**२.अन्य क्षेत्रमा खर्च गर्न नमिल्ने** :-

कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सो प्रयोजनवाहेक अन्य कार्यमा रकम खर्च गर्न पाइने छैन ।

**३. प्रशासनिक व्यवस्था :-**

कोषको प्रशासनिक तथा आर्थिक कारोवार नगरपालिका को हकमा स्थानिय विपद ब्यवस्थापन समितिको माताहतमा तथा सम्बन्धित वार्डको हकमा वार्ड स्तरियविपद  जोखिम न्युनीकरण तथा ब्यवस्थापन समितिको मातहतमा कोष परिचालन उप समितिले गर्नेछ ।

**४. कार्यक्रम सञ्चालन सम्बन्धी खर्चको व्यवस्था** :-

४.१ कोषबाट सञ्चालन हुने कार्यक्रमहरू कोषले आफै वा अन्य सरकारी/गैरसरकारी निकायसँग मिलेर सञ्चालन गर्न सक्नेछ ।

४.२. कोषले आफ्नो कार्यक्रम गैर सरकारी संघ/संस्थाहरूबाट सञ्चालन गराउन सक्नेछ ।

**५. बचाउ र खारेजी** :-

५.१. कुनै कारणबाट कोष सञ्चालन हुन नसकेमा वार्ड समितिको सल्लाहामा वार्ड स्तरिय विपद जोखिम न्युनीकरण तथा ब्यवस्थापन समितिलेकोषलाई खारेज गर्न सक्ने छ ।

५.२  विपद (आपतकालिन) ब्यवस्थापन कोष खारेज भएमा कोषमा रहेको चल-अचल सम्पति तथा दायित्व महाराजगन्ज नगरपालिकामा स्वतः सर्नेछ ।

प्रमाणीकरण मितिः– २०७५।०२।०४अब्दुल कलाम

(नगर प्रमुख)